# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ मंसिर ६ गते

**नाकाबन्दीका कारण उत्पन्न मानवीय संकटका सम्बन्धमा व्यवस्थापिका-संसद सामाजिक न्याय तथा मानव अधिकार समिति र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी बीच छलफल**

नाकाबन्दीका कारण उत्पन्न मानवीय संकटका सम्बन्धमा व्यवस्थापिका-संसद सामाजिक न्याय तथा मानव अधिकार समिति र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारी बीच आज व्यवस्थापिका -संसद सचिवालय, सिंहदरबारमा छलफल भएको छ । छलफलका क्रममा भारतीय पक्षबाट भएको अघोषित नाकाबन्दीका कारण देशमा औषधि, पेट्रोल, डिजेल, मट्टीतेल र खाना पकाउने ग्यासको अभावबाट सर्वसाधारणको जनजीवन ज्यादै कष्टकर भएको तर्फ संचेत पार्दै समस्याको तत्काल निकास खोज्न आयोगका पादधिकारीले व्यवस्थापिका-संसद सामाजिक न्याय तथा मानव अधिकार समिति मार्फत सरकारको गम्भीर ध्यानाकर्षण गराएका थिए ।

सो अवसरमा सर्वसाधारणको जीवन सँग जोडिएको अत्यावश्यक औषधि लगायत बिरामी बोकेको एम्बुलेन्समा आन्दोलनकारीले आगजनी तथा तोडफोड गर्नु मानव अधिकारको अन्तर्राष्ट्रिय मून्य र मान्यता विपरीत भएकाले अरुको अधिकार हनन् नहुने गरी शान्तिपूर्ण रुपमा आन्दोलनका कार्यक्रम अघि सार्न आन्दोलनरत पक्षलाई आग्रह गरिएको थियो ।

छलफलमा बोल्दै आयोगका अध्यक्ष अनुप राज शर्माले आयोगले संविधान जारी अघि र जारी भएपछि भएका आन्दोलनका क्रममा मानव अधिकार हननका विषयमा निरन्तर रुपमा अनुगमन तथा अनुसन्धान गरिरहेको बताउँदै आगामी दिनमा समेत यसलाई निरन्तरता दिने बताउनुभयो । नाकाबन्दीका कारण मानव जीवन सँग सम्बन्धित अत्यावश्यक वस्तुहरु र सेवाको कृतिम अभाव एवं मूल्यवृद्धि तथा कालोबजारी मौलाउँदै गएको तर्फ सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै यसलाई तत्काल रोक्न आवश्यक पहल गर्नुपर्ने अध्यक्ष शर्माको भनाई थियो ।

जारी नाकाबन्दीबाट उत्पन्न मानवीय संकट सम्बन्धमा आयोगले अन्तर्राष्ट्रिय रुपमै पहल गरिरहेको भन्दै अध्यक्ष शर्माले यथाशीघ्र सार्थक वार्ता गरेर जारी आन्दोलनको अन्त्य गर्न पुनः सरकार र आन्दोलनरत पक्षलाई सम्वेदनशील हुन आग्रह गर्नुभयो । यसैगरी मोरङ, सुनसरी, पर्सा र सप्तरी जिल्लाहरुमा भएको पछिल्लो अमानवीय घटनाहरु प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको बताइएको थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org